# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# छैठौं विशेष साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

**१.वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको छैठौं विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको छैठौं विशेष साधारण सभा मिति २०७७/०९/२२ गते बसेको सञ्चालक समितिको ३५१ औ बैठकले निर्णय गरे अनुसार मिति २०७७/०९/२३ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०७७/०९/२७ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा स्थान, मिति, समय र छलफल हुने विषयको सूचना सहितको विवरण समेत शेयरधनी महानुभावहरुलाई Webinar मार्फत पनि संचालन हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत सो सूचना प्रकाशित गरिएको थियो ।

**१. सभा हुने मिति, स्थान र समय**

| | |
|---|---|
| सभा हुने मिति | :- २०७७ साल माघ १५गते (तद अनुसार जनवरी २८, २०२१) बिहिबार |
| स्थान | :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौं (Webinar मार्फत संचालन गरिने)। |
| सभा सुरु हुने समय | :- बिहान ११:०० बजे |

**२. छलफलका विषयहरु :**

क. **विशेष प्रस्तावहरु**

१. बैंकको पूँजीगत संरचनामा परिवर्तन गरी हाल कायम अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अरब) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपि पन्ध्र अरब) पुऱ्याउने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्वन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७७/०७/०१ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. आर. एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

६. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बीच गरिएको अन्तिम सम्झौता पत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

७. तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ९,८१,७०,०२,६७३/- बाट बृद्धि भई रु. ११,६६२,०४०,९१२/- हुने भएकोले सोही बमोजिम हुने गरी बैंकको प्रबन्ध-पत्र संशोधन गर्ने ।

८. बैंकको प्रबन्ध-पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ख. विविध**

**३. उपस्थिति**

**३.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री राजन सिंह भण्डारी | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री सीता कार्की (के.सी.) | सञ्चालक |
| ५. | श्री प्रबल जंग पाण्डे | सञ्चालक |
| ६. | श्री सजन शर्मा | सञ्चालक |
| ७. | श्री सुदेश खालिङ्ग राई | सञ्चालक |

३.२ उपस्थित अन्य पदाधिकारी :

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री वोधराज देवकोटा | नायव प्रमुख कार्यकारी अधिकृत/सूचना अधिकारी |
| ३. | श्री सुमित बाबु खत्री | निमित्त नायव प्रमुख कार्यकारी अधिकृत/प्रमुख कर्जा अधिकृत |
| ४. | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/आन्तरिक लेखा परिक्षण विभाग |
| ५. | श्री पारस कुमार काफ्ले | सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख सञ्चालन अधिकृत |
| ६. | श्री राजेन्द्र लाल श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ७ | श्री उमंग शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख प्रशासकिय अधिकृत/प्रवक्ता/गुनासो सुन्ने अधिकारी |
| ८. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ९. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

३.३ शेयरधनीहरुको उपस्थिति :

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ९० |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १०२ |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ७२ |
| | जम्मा | २६४ |

४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १,३९,३३४ | २६४ | ५१.५६ प्रतिशत |
| सस्थापक समूह "क" | ४३९ | ११४ | ४३.२५ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,३८,८९५ | १५७ | ८.३१ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ९,८१,७०,०२६.७३ | | १००.०० प्रतिशत |

## ५. सभाको वैधानिकता र सभाको सभापतित्व

५.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको छैठौं विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या ९० जना, Webinar मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या ७२ जना तथा प्रोक्सी मार्फत १०२ जना गरि कुल शेयरधनी २६४ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ५,०६,१६,४६५.७८ उपस्थित भई ५१.५६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा विशेष साधारण सभाको गणपूरक

संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको विशेष साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाण्डौमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत संचालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

५.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको सभापतित्वमा बैंकको छैठौं विशेष साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

५.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका र Webinar मार्फत उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

**६. विशेष साधारण सभाको प्रस्तुती :**

६.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

६.२. तत्पश्चात् सभापति ज्यूले बैंकको छैठौं विशेष साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**७. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :**

७.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

७.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम:

१. श्री शत्रुधन श्रेष्ठ
२. श्री अमृत नाथ रेग्मी
३. श्री शिव प्रसाद पौडेल
४. श्री गुणराज भट्ट

७.३ छलफलमा सहभागी मध्ये सभामा स्वयं उपस्थीत भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री शत्रुधन श्रेष्ठ

७.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री अमृत नाथ रेग्मी
२. श्री शिव प्रसाद पौडेल
३. श्री गुणराज भट्ट

८. **छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वंय आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. **श्री शत्रुधन श्रेष्ठ**

श्री श्रेष्ठले आफ्नो सम्बोधनको क्रममा वार्षिक साधारण सभा सम्पन्न गरेको ३ महिना भित्रै चुक्ता पूँजी वृद्धि गर्न मात्र नभई बैंकको मुनाफा राम्रो होस् भन्ने हेतुले आज तिनाउ मिसन डेभलेपमेन्ट बैंकलाई प्राप्ति गर्न लागेकोले अध्यक्षज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । यस बैंकले प्राप्ति प्रयोजनार्थ शेयर मूल्य अनुपात १००:९६ कायम गरेपछि चुक्ता पूँजी ९,८१,७०,०२,६७३ बाट वृद्धि भई ११,६६,२०,४०,९१२ पुऱ्याउनु भएकोमा अध्यक्षज्यूलाई बधाई दिँदै प्राप्ति पश्चात चुक्ता पुँजीको सवालमा हामी समग्र बैंकिङ्ग क्षेत्रमा नवौं स्थानमा रहन सफल भएकोमा खुशी व्यक्ति गर्नुभयो । साथै सात जिल्लामा आफ्नो कार्य गर्दै आइरहेको तिनाउ मिसन डेभलपमेण्ट बैंक लि.लाई प्राप्ति पश्चात बैंकको शाखा संजाल वृद्धि भई १६३ पुग्न जाने तथा अन्य सुचकहरु राम्रो हुने कुरा व्यक्त गर्दै सिटिजन्स बैंकले राम्रो दुलही भित्र्याउनु भएकोमा अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिनुभयो ।

आफ्नो सुझाव दिने क्रममा अन्य बैंकमा देखिएको जस्तो आन्तरिक कलह मनमुटाव र असमझदारी यस बैंकमा नरहेको भन्दै लगानिकर्तालाई ढुक्कले लगानि गर्न प्रेरित गरी यस बैंकले राम्रा बैंकलाई merger/ प्राप्ति गर्दै आगामी ४/५ बर्ष भित्रमा नेपालकै अग्रणि बैंकको दाजोमा पुऱ्याउन अध्यक्षज्यूलाई सुझाव दिदै आफ्नो मन्तब्य टुङ्ग्याउनुभयो ।

छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**२.श्री अमृत नाथ रेग्मी**

श्री रेग्मीले Virtual(Zoom) माध्यमबाट मन्तव्यको क्रममा Tinau Mission Development Bank Ltd. लाई प्राप्ति गरेपछि चुक्ता पूँजीमा वृद्धि हुन जाने तर्फ संकेत गर्दै बैंकको General Reserve पनि चुक्ता पूँजि को नजिक कसरी कायम गर्न सकिन्छ भन्ने तर्फ ध्यान दिन अनुरोध गर्नुभयो । मन्तव्यको क्रममा उहाँले यस बैंकको Net Interest Income तथा Off Balance Sheet item कसरी वृद्धि गर्दै लैजाने भन्ने कुरामा Management र Board ले विशेष ध्यान दिनुपर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकको नाफा बढाउन खर्च कटौती गरेर भन्दा पनि आम्दानीमा बृद्धि गरी नाफा बढाउन अनुरोध गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा Base Rate तथा Cost of Fund कसरी घटाउन सकिन्छ त्यसतर्फ ध्यान दिन जोड दिदै बैंकको NPA लेभल लाई सन्तुलित गर्न सकेमा Balance Sheet राम्रो देखिने कुरा व्यक्त गर्नुभयो ।

आगामि बर्ष १५ % लाभांष वितरणका लागि कम्तिमा पनि खुद मुनाफा १ अर्ब ८० करोड चाहिन्छ साथै General Reserve मा पनि केही रकम छुट्याउनु पर्ने हुनाले हामीलाई २ अर्ब ४० करोड देखि २ अर्ब ५० करोड सम्मको खुद मुनाफा आवश्वक पर्ने हुँदा सो बमोजिमको प्रतिफल कायम राख्नका लागि राम्रो संस्था लिनुपर्ने तर्फ जोड दिदैं आफ्ने मन्तव्य टुङग्याउनु भयो ।

**३. शिव प्रसाद पौडेल**

श्री पौडेलले Virtual (Zoom) माध्यमबाट आफ्नो मन्तव्यको क्रममा विशेष साधारण सभा सम्पन्न गर्नु भएकोमा अध्यक्षज्यूलाई विशेष धन्यवाद दिदै ७ वटै प्रदेशमा हामी कुन कुन क्षेत्रमा पछाडि छौं ? सो को पहिचान गरी हरेक क्षेत्रमा सवल हुनेगरी मर्जर/प्राप्ति गरेर भए पनि आफ्नो शाखा सञ्जाल, निक्षेप, कर्जा तथा ग्राहकहरुको संख्यामा बैंक Top 10 भित्र आओस भनेर ध्यानाकर्षण गर्नुभयो । भर्खर बैंकले प्रकाशित गरेको दोश्रो त्रैमासिक विवरणको समीक्षा गर्दै उक्त प्रतिवेदन अनुसार बैंकले छलाङ मारेकोमा खुसी व्यक्त गर्दै अन्य समकक्षी बैंकहरु भन्दा अझ राम्रो गर्दै जान ध्यानाकर्षण गर्नुभयो । बैंकको अध्यक्षज्यूले सभामा व्यक्त गर्नु भएको विदेशी लगानी भित्रयाउने सन्दर्भलाई स्मरण गर्दै उक्त विषय राम्रो भएको भन्दै विदेशी लगानी भित्रयाउन शुभकामना व्यक्त गर्नुभयो । उहाँले बैंक राम्रो होस् , स्वस्थ होस्, सबल होस्, भन्दै भोलिको दिनमा सबैले जय सिटिजन्स बैंक भन्ने बनाउनका लागि सोहिअनुरुप कार्य गर्न सुझावदिनु भयो । बैंकले आफ्नो लक्ष्यअनुरुप नै कार्य गर्न सुझावदिनु भयो । बैंकले आफ्नो लक्ष्यअनुरुप नै २०७७/११/११ गतेदेखि एकीकृत कारोबार सुचारु गरोस भन्ने शुभकामना व्यक्त गर्दै छोटो समयमै यस बैंकले आर्थिक बर्ष २०७६/७७ को चौधौ बार्षिक साधारण सभाबाट पारित भएको ८ प्रतिशत बोनश शेयर सुचिकरणको काम यथा समयमै नियमनकारी निकाय बाट सम्पन्न गरी बैंकको शाख बढाउनमा अहम् भूमिका निर्वाह गर्नु भएकोमा संचालक समिती, व्यवस्थापन समूह तथा कानुन तथा शेयर विभागका कर्मचारी लगायत सबै कर्मचारीमा धन्यवाद व्यक्त गर्दै सफलताको कामना सहित आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**४. गुण राज भट्ट**

श्री भट्टले Virtual (Zoom) माध्यमबाट आफ्नो मन्तव्यको क्रममा सिटिजन्स बैंकको विशेष साधारण सभाका आदरणिय अध्यक्षज्यु, सञ्चालकज्युहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका कर्मठ कर्मचारी साथीहरु, कम्पनी सचिव ज्यु र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अभिवादन व्यक्त गर्नु भयो । उहाँले Covid 19 का कारण सरकारले ३ महिना भन्दा बढी Lockdown गरेको अवस्थामा पनि सिटिजन्स बैंक निरन्तर Active भएको देखिएको भन्दै खुशी व्यक्त गर्नु भयो । बैंकले राम्रो अध्यक्ष पाउनुका साथै Young, Energetic, मृदुभाषी प्रमुख कार्यकारी अधिकृत साथै ग्राहकलाई देवता जस्तो मान्ने कर्मचारी रहेको कुरा व्यक्त गर्दै आवश्यक तालिमको व्यवस्था गर्दै राम्रो कार्य गर्ने कर्मचारीलाई पुरस्कार प्रदान गर्न विनम्र अनुरोध गर्नु भयो । प्राप्ति पश्चात् बैंकको पूँजी साँढे ११ अर्व पुग्ने र अहिलेको समयमा उक्त चुक्ता पूँजी अपर्याप्त हुने भन्दै अझ पूँजी वृद्धि गर्न अन्य संस्थाहरुसंग मर्जर/प्राप्ति गरेर अगाडी बढ्न प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष ज्युलाई आग्रह गर्न भयो ।
उहाँले सुझाव दिने क्रममा प्राप्ति पश्चात तिनाउ मिशन डेभलेपमेण्ट बैंकबाट आउने कर्मचारीहरुलाई समस्या नआओस् भन्नको लागि संयुक्त कारोबार गर्नु भन्दा अगाडी नै आवश्वक तालिमको व्यवस्था गर्न र उनीहरुलाई कार्यस्थलमा नै भेटेर आवश्यक सुझाव दिन प्रमुख कार्यकारी अधिकृत ज्युलाई अनुरोध गर्नु भयो ।
बैंकले गरेको Zoom Meeting को क्रममा कंम्पनी सचिवले देखाउनु भएको सक्रियताको मुक्त कण्ठले प्रशंसा गर्दै बैंकलाई अझ सबल बनाउदै राम्रो प्रतिफल दिन समक्ष बनाउनको लागि प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष ज्युलाई अनुरोध गर्नु भयो ।

**९. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारीज्यूले व्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

श्री अध्यक्षज्युले सभामा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रममा सबै शेयरधनी महानुभावहरुको सुझाव सर्‌हानीय रहेको र उक्त सुझावहरुले आगामी दिनमा मार्ग निर्देशन गर्ने कुरा व्यक्त गर्नु भयो । उहाँले यस सभाको निचोड भनेको बैंक राम्रो होस, प्रतिफल राम्रो आओस, Dividend उच्चदरको आओस, बैंक अझ माथिल्लो स्तरमा पुग्न सकोस् भन्ने चाहाना र शुभकामना रहेको र हाम्रो आफ्नै चाहाना पनि सोही बमोजिम रहेको कुरा व्यक्त गर्नु भयो । साथै बैक भनेको एक, दुई बर्ष हेरेर चल्ने नभई युगौं युग चल्ने संस्था भएको हुँदा दिगो रुपमा नै सबल बनाउनु पर्ने

बताउनु भयो । मर्जर तथा एक्विजिसनको सन्दर्भमा सिटिजन्स बैंक प्रत्येक क्षेत्रमा Visible देखियोस भन्ने चाहाना रहेको प्रष्ट पार्दै सहयोगी विकास बैंकलाई प्राप्ति गरे पश्चात् प्रदेश नं. २ मा बैंकको उपस्थिति उल्लेख्य रुपमा बृद्धि भएको जनाउँदै अब यस Tinau Mission Development Bank Ltd. को प्राप्ति पश्चात् लुम्बिनी प्रदेशमा पनि यस बैंकको उपस्थिति राम्रो रहने हुँदा तिनाउ मिसन डेभलपमेन्ट बैंकको Banner देख्दा अबका दिनमा यहाँ सिटिजन्स बैंकको Banner लाग्छ भनेर खुसी व्यक्त गर्नुभयो । यसै गरी निकट भबिष्यमा यस बैंकको तर्फबाट सुखद समाचार शेयरधनी महानुभावहरु समक्ष आउन सक्ने संकेत गर्नु भयो । हाम्रो चाहाना भनेको हरेक प्रदेशमा बैंकको उपस्थिति राम्रो होस र हरेक नागरिकहरुले सिटिजन्स बैंक भन्ने चिनोस भन्ने रहेको कुरा व्यक्त गर्नु भयो । उहाँले यहि सोचका साथ अगाडि बढेमा दिर्घकालिन फाईदा पुग्ने सोचका साथ कार्य गरिरहेको कुरा व्यक्त गर्नु भयो । सभामा उठेका विचारहरुको उच्च प्रशंसा गर्दै आगामी दिनमा शेयरधनी महानुभावहरुको सल्लाह सुझाव अनुरुप नै अगाडि बढ्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

१०. **छैठौं विशेष साधारण सभाका निर्णयहरु :**

(क) **विशेष प्रस्तावहरु**

१. बैंकको पूंजीगत संरचनामा परिवर्तन गरी हाल कायम अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अरब) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपि पन्ध्र अरब) पुऱ्याउने ।

**बैंकको पूंजीगत संरचनामा परिवर्तन गरी हाल कायम अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अरब) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपि पन्ध्र अरब) पुऱ्याउने प्रस्ताव पारित गरियोस भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।**

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

**सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभाले सर्वसम्मतिबाट स्वीकृत पारित गर्ने निर्णय गरियो ।**

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चात्का व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा**

**सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिबाट स्वीकृत पारित गर्ने निर्णय गरियो ।**

४ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने मिति २०७७/०७/०१ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने मिति २०७७/०७/०१ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गरियोस भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट अनुमोदन पारित गर्ने निर्णय गरियो ।**

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. आर एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. आर. एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।**

६. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बीच गरिएको अन्तिम सम्झौता पत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बीच गरिएको अन्तिम सम्झौता पत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।**

७. तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ९,८१,७०,०२,६७३/- बाट बृद्धि भई रु. ११,६६२,०४०,९१२/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्ध-पत्र संशोधन गर्ने ।

(क) **बैंकको प्रबन्ध-पत्रमा संशोधन गर्ने ।**

बैंकको प्रबन्ध-पत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(क-१) बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रबन्ध-पत्रको दफा ५ को (क) (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना बृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

**बैंकको पूँजीको संरचना :**

५ (क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,००० /- (अक्षरेपि पन्ध्र अरब) हुनेछ । सो पूँजीलाइं रु. १००/- का दरले १५,००,००,००० (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

५(ख) बैंकको जारी पूँजी रु. ११,६६२,०४०,९१२/- (अक्षेरुपी एघार अर्ब छैसट्ठी करोड बीस लाख चालिस हजार नौ सय बाह्र रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ११,६६,२०,४०९.१२ (एघार करोड छैसट्ठी लाख बीस हजार चार सय नौ दशमलव बाह्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ११,६६२,०४०,९१२/- (अक्षेरुपी एघार अर्ब छैसट्ठी करोड बीस लाख चालिस हजार नौ सय बाह्र रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ११,६६,२०,४०९.१२ (एघार करोड छैसट्ठी लाख बीस हजार चार सय नौ दशमलव बाह्र मात्र) हुनेछ ।

५ (ग) बैंकको तत्काल चुक्ता पूँजी रु. ११,६६२,०४०,९१२/- (अक्षेरुपी एघार अर्ब छैसट्ठी करोड बीस लाख चालिस हजार नौ सय बाह्र रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ११,६६,२०,४०९.१२ (एघार करोड छैसट्ठी लाख बीस हजार चार सय नौ दशमलव बाह्र) हुनेछ ।

८. बैंकको प्रबन्ध-पत्र तथा नियमावली सशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**बैंकको प्रबन्ध-पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो**

**ख. विविध**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले विशेष साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**११. धन्यबाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन, बैंकका सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यबाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै छैठौं विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै दिनको ११:५६ बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

| | |
|---|---|
| राजेन्द्र लाल श्रेष्ठ | श्री रोजन सिंह भण्डारी |
| कम्पनी सचिव | अध्यक्ष |